लुम्बिनी प्रदेश सरकार
सचिव बैठकको निर्णय

मिति : २०८०/०९/२३

१. सवै मन्त्रालयले आगामी प्रदेश सभा बैठकलाई मध्यनजर गर्दै प्रदेशसभावाट स्वीकृत गर्नुपर्ने सम्बन्धित विधेयक तयार गरी स्वीकृतिको लागि मन्त्रिपरिषद्मा पेश गर्ने ।

२. आगामी माघ ४ गते हुने प्रदेश समन्वय परिषद्को बैठकका लागि अन्तरतह समन्वयका विषय, बजेट तथा वार्षिक विकास कार्यक्रम कार्यान्वयन, राजश्व संकलन र बाँडफाँड जनशक्ति व्यवस्थापन लगायतका विषयहरु २०८० पुस मसान्तसम्म सवै मन्त्रालयहरुले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय लेखी पठाउने ।

३. Laureates and Leaders International Summit, 2024 को सन्दर्भमा विषयगत मन्त्रालयलाई तोकिएका जिम्मेवारी प्राथमिकताका सम्पन्न गर्ने ।

४. प्रदेश निजामती सेवा ऐन स्वीकृत भईसकेकोले सवै मन्त्रालय र सरोकारवाला पक्षसँग आवश्यक समन्वय/छलफल गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रदेश निजामती सेवा नियमावलीलाई अन्तिम रुप दिने ।

५. प्रदेश सरकारको चालु आर्थिक वर्ष २०८०/८१ नीति तथा कार्यक्रम बजेट र आर्थिक विकास कार्यक्रम कार्यान्वयन गर्न सवै मन्त्रालयले प्राथमिकतामा राखी कार्यान्वयन गर्ने गराउने ।

६. प्रदेश सरकारबाट कार्यान्वय गरिने योजना/आयोजना कार्यक्रमका सम्वन्धमा संघीय सरकारका विषयगत मन्त्रालयसँग निर्देशन र समन्वय आवश्यक भए शिघ्र कार्यान्वयनको व्यवस्था मिलाउने।

७. मुख्यमन्त्री आर्थिक विकास कार्यक्रम कार्यान्वयनका लागि विभिन्न चरणमा छलफल भइरहेको र विषयगत रुपमा कार्यक्रम हुने सन्दर्भमा माननीय मुख्यमन्त्रीज्यूवाट निर्देशन भए वमोजिम विषयगत रुपमा सञ्चालन गरिने आयोजना/योजना/कार्यक्रम सहितको वजेट विवरण विषयगत मन्त्रालयहरुले अविलम्व मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने ।

८. कुनै आयोजना/योजना/कार्यक्रम कार्यान्वयनका लागि कानूनमा संशोधन आवश्यक भए संशोधन प्रस्ताव तोकिएको प्रक्रिया पुरा गरी सम्वन्धित मन्त्रालयहरुले मन्त्रिपरिषद्समक्ष पेश गर्ने ।

९. सवै मन्त्रालयहरुसँग समन्वय गरी शहरी विकास मन्त्रालयले प्रदेश सरकारका मन्त्रिज्यूहरुको आवास व्यवस्थापन गर्ने ।

१०. सवै मन्त्रालयले आफ्नो कार्यक्षेत्रसँग सम्वन्धी Status Paper (Position Paper) तयार गरी पेश गर्ने ।

राधिका अर्याल
प्रमुख सचिव